भोटखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय बाट प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः३, संख्याः२ , भागः१

## भोटखोला गाउँपालिका

<u>भोटखोला गाउँपालिकाको  कर्मचारी प्रोत्सान भत्ता सम्बन्धि कार्यविधि २०८०</u>

गाउँ कार्यपालिकाबाट पारित २०८०/०२/२९

गाउँसभाबाट स्वीकृत मिति :-२०८०/०३/१०

प्रस्तावना :

सङ्घीयता कार्यान्वयन संगै कर्मचारी समायोजन प्रकृया अगाडि वढ्ने क्रममा यस भोटखोला गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरु अन्यत्र समायोजन भई गएका र भौगोलिक विगटताले यस गाउँपालिकामा कर्मचारीहरु समायोजन प्रकृयाबाट नआएको तथा आउन नचाहने परिस्थितिमा गाउँपालिका अन्तर्गत कार्यरत सरकारी सेवाका स्थायी तथा करारका कर्मचारीहरुलाई नै अतिरिक्त जिम्मेवारी दिई परिचालन गर्दै गाउँपालिकाका विषयगत शाखा तथा वडा कार्यालयको कार्य सम्पादन गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो भोटखोला गाउँपालिको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि २०८० जारी गरिएको छ ।

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय

खण्डः ३,संख्याः २,भागः १,मितिः २०८० साल असार १० गते

**१.संक्षिप्त नाम र प्रारम्भ :**

**(क)** यस कार्यविधिको नाम भोटखोला गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्वन्धि कार्यविधि २०८० रहेको छ ।

**(ख)** यो कार्यविधि कार्यपालिकाबाट स्विकृत भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

**(क) गा.पा.** भन्नाले भोटखोला गाउँपालिकालाई बुझिने छ ।

**(ख) वडाध्यक्ष** भन्नाले भोटखोला गाउँपालिका ५ वटै वडाका वडाध्यक्षलाई बुझिने छ

**(ग) प्रमुख प्रशासकीय अधिकृत** भन्नाले भोटखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझिने छ ।

**(घ) कर्मचारी** भन्नाले वार्ड सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख तथा कर्मचारी र प्रमुख प्रशासकिय अधिकृत लगायतलाई बुझिने छ ।

**(ङ) अध्यक्ष** भन्नाले भोटखोला गाउँपालिको अध्यक्षलाई बुझिने छ

**३. कार्य जिम्मेवारी :** यस गाउँपालिका अन्तर्गत वडा तथा विषयगत शाखा लगायतमा कार्यरत जुनसुकै सेवाका स्थायी तथा करार कर्मचारिलाई प्रमुख प्रशासकिय अधिकृतले वडा तथा विषयगत शाखा तोकि निजले सम्पादन गरिरहेको जिम्मेवारीका अतिरिक्त लिखित रुपमा वार्ड कार्यालय तथा शाखाको थप जिम्मेवारि तोक्न सक्नेछ । प्रमुख प्रशासकीय अधिकृतले तोकेको जिम्मेवारी विना शर्त सम्पादन गर्नु सम्वन्धित कर्मचारीको प्रमुख दायित्व हुनेछ।

**४. प्रोत्साहन भत्ता रकम र भुक्तानी सुरु मिति :**

(क) कर्मचारीले निजले खाइपाई आएको तलव स्केलको १०० प्रतिशतले नवढ्ने गरि प्रोत्साहन भत्ता उपलब्ध गराईने छ । निज कार्यालयको कामको शिलशिलामा भ्रमण स्विकृत तथा फिल्ड स्विकृत गरी गएमा उक्त भ्रमण तथा फिल्डलाई पनि कार्यालयको कामको आधार मानी मुल्यांकन गरिनेछ ।

**(ख)** यो कार्यविधि अनुसारको प्रोत्साहन भत्ता निज कर्मचारीको खाईपाई आएको तलव स्केलको १०० प्रतिशललाई १०० मानि तपशिल बमोजिम प्रदान गरिनेछ ।

१.प्रमुख प्रशासकिय अधिकृत - ५५%

२.लेखापाल - १००%

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय

३. एउटा शाखाको जिम्मेवारी भएको कर्मचारी — २५%

४. दुई वा सो भन्दा बढि शाखाको जिम्मवारी भएको कर्मचारी — ४५%

**(ग)** यस कार्यविधि अनुसारको प्रोत्साहन भत्ता २०८० श्रावण महिनाको १ गते देखि प्रदान गरिने छ ।

**(घ)** आसार महिनाको प्रोत्साहन भत्ता आसार २० गतेसम्ममा भुक्तानि गरिने छ ।

**(ङ)** यस कार्यविधि अनुसारको प्रोत्साहन भत्ता यस भोटखोला गा.पा. को आन्तरिक श्रोतबाट प्रदान गरिने छ । आन्तरिक श्रोतबाट प्रोत्साहन भत्ता भुक्तानि भएपछि बाँकि भएमा मात्र अन्य क्षेत्रमा खर्च गरिने छ । आन्तरिक श्रोतबाट अपुग भएमा मात्र अन्य श्रोतबाट खर्च लेखिने छ ।

**करार सेवामा कार्यरत कर्मचारिको सम्वन्धमा :** करार सेवामा कर्यरत कुनैपनि कर्मचारीलाई कुनै विषयगत शाखाको शाखा प्रमुख वा कुनै शाखाको जिम्मेवारि तोकिएको अवस्थामा निज कर्मचारीले पनि निज कार्यरत रहेको अवधिभर यस कार्यविधि बमोजिमको प्रोत्साह भत्ता प्राप्त गर्नेछ ।

**(७) खारेजि र बचाउ :** यस अघि भुक्तानि भएका सबै प्रकारका प्रोत्साहन भत्ताहरु यसै कार्यविधि बमोजिम भुक्तानि भएको मानिने छ ।

भोटखोला गाउँ कार्यपालिकाको कार्यालय

आज्ञाले
फुर्पु भोटे
प्रमुख प्रशासकीय अधिकृत